## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २५ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आकाशवाणीबाट मन की बात कार्यक्रममा राष्ट्रलाई संबोधन गर्नु हुदै ऑपरेशन सिंदूरमा सैन्य मिशन मात्र नभएर राष्ट्रको संकल्प र साहस रहेको बताउनु भयो।

२. राज्यमा फेरी कोरोनाको मामिलाहरु अघि आइरहेको भए पनि स्वास्थ्य विभागले मानिसहरुलाई स्थिति चिन्ताजनक नरहेको बताएको छ।

३. जिटिएका प्रमुख कार्यापाल अनित थापाले जनजातिको मुद्दाबारे आफुले गर्ने काम गरिसकेको र अब रहल काम केन्द्र सरकारको रहेको बताउनु भएको छ।

४. दार्जीलिङ पुलिसको आयोजनामा आज टाउन अफिस कम्प्लेक्सए दार्जिलिङमा रक्तदान शिविर सम्पन्न गरियो।

५. दार्जीलिङको नेपाली साहित्य सम्मेलनको शतावार्षिकी समारोह आज सम्पन्न भएको छ।

**पीएम- मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट मन की बात कार्यक्रममा राष्ट्रलाई संबोधन गर्नु हुदै आप्रेशन सिंदूरले विश्व भरिका आतंकवाद सितको लड़ाईमा नयाँ उत्साह संचार गरेको बताउनु भएको छ। श्री मोदीले ऑपरेशन सिंदूर अवधि सशस्त्र बलहरुको साहसको प्रशंसा गर्नु भयो। उहाले सीमापार आतंकिहरुको शिविरहरु नस्ट गर्नमा सेनाको सटीकताको पनि सराहना गर्नु भयो। प्रधानमंत्रीले आपरेशन सिंदूर सैन्य मिशन मात्र नभएर राष्ट्रको संकल्प र साहस रहेको कुरामा बल दिनु भयो। उहाले यस ऑपरेशनले सम्पूर्ण देशमा राष्ट्र भक्तिको भावना भरेको अनि देशमा तिरंगाको भावना जगाएको बताउनु भयो। श्री मोदीले सशस्त्र बलहरुको सम्मानमा देशको धैरै शहरहरुए अनि गाउँहरुमा तिरंगा यात्रा आयोजित गरिएको पनि उल्लेख गर्नु भयो। प्रधानमंत्रीले भारतीय सैनिकहरुले भारतमा बनेको हथियार, उपकरण अनि प्रौधिगीकीको प्रयोगद्वारा आतंकी शिविरहरु नष्ट गरेको बताउनुहुँदै यस जितको श्रेय इंजीनियरहरु अनि तकनीकी विशेषज्ञहरुको कडा मेहनतलाई पनि दिनु भयो। श्री मोदीले जनभागीदारी नै भारतको वास्तविक शक्ति रहेको बताउनु भयो। उहाले प्रत्येक देशवासीसित देशमा बनेको उत्पादहरुलाई प्राथमिकता दिने आग्रह पनि गर्नु भयो।

**कोरोना**

राज्यमा एक पल्ट फेरि कोरोना वायरसको मामलाहरु अघि आइरहेको छ। दक्षिण २४ परगना जिलाको मगराहाट-२ ब्लॉकमा एक किशोरी अनि एक युवक कोरोना संक्रमित भएको पुष्टि भएको छ। स्वास्थ्य विभाग अनुसार स्थिति नियंत्रणमा रहेको छ। उल्लेखनीय छ] देशभरीमा कोरोनाको नयाँ वेरिएंटको कारण मामलामा बढ़ोत्तरी देखिन्दैछ। विशेषज्ञहरुले बताए अनुसार वर्तमानमा स्थिति चिंताजनक नरहे तापनि मानिसहरुलाई सतर्कता अपनाउने सुझाउ दिइएको छ।

**प्रदर्शन स्थल स्थानन्तरित**

कलकाता उच्च न्यायलयको निर्देश पछि आज विकास भवन अनि एससी प्रांगण मा प्रदर्शन गरिरहेका शिक्षक एवं गैर शिक्षण कर्मचारीहरुकालागि नयाँ स्थानमा मंचको निर्माण शुरू भएको छ। सर्वोच्च न्यायलयले गत तीन अप्रैलमा राज्यका सरकारी स्कूलहरुमा नियुक्त गरिएका २५ हजार ७ सय ५३ शिक्षण अनि गैर-शिक्षण कर्मचारीहरुका नियुक्ति रद्द गरिदिएको छ, जसपछि यी शिक्षक एवं अन्य कर्मचारीहरुले लगातार आफ्नो मांगलाई लिएर विकास भवन अनि स्कूल सेवा आयोग प्रांगण मा प्रदर्शन गरिरहेका छन्। यी शिक्षकहरुको प्रदर्शनको कारण ट्रैफिक जामको समस्या हुनको साथै उनीहरुका सार्वजनिक

सुविधालाई ध्यानमा राख्दै धरना स्थललाई राज्य शिक्षा विभाग मुख्यालय विधान भवन अघि स्थित सेन्ट्रल पार्कमा स्थानांतरित गर्ने आदेश कलकाता उच्च न्यायलयले दिएको हो।

**बंग्लादेश घुसपैठी नीति**

राज्यका विभिन्न जेलहरुमा हाल लगभग २२ सय  बांग्लादेशी घुसपैठीहरु बंद छन्। राज्य भरीमा विगत केही महीनामा अवैध रूपले बंगालमा पस्ने कोशिश गर्ने बांग्लादेशी नागरिकहरुको गिरफ्तारी मा तिव्रता आएको कारण जेलहरुमा स्थानको समस्या खड़ा भएको छ जसलाई ध्यनमा राख्दै राज्य गृह विभागले अब नयाँ नीति बारे विचार गरिरहेको छ। निती अनुसार यस अवैध घुसपैठीहरुलाई गिरफ्तार गर्नको साटो सीधा सीमा पार गराई बंग्लादेश पठाइने प्रस्ताव तैयार गरिन्दैछ। राज्य सचिवालय नवान्नबाट प्राप्त जानकारी अनुसार यो नीति केंद्र सरकारको सुझावमा बनाइंदैछ।

**विशेष वार्ता-अप्रेशन सिन्दूर**

आकाशकणी खरसाङले अप्रेशन सिन्दूर विषयमाथि भोलि २६ तारिख मई एउटा विशेष वार्ता प्रस्तुत गर्न लागिरहेको छ। श्रोताहरूले यस वार्ताको प्रत्यक्ष प्रसारण बिहान १० बजेर ३० मिनेट अनि साँझ 0५ बजेर ०५ मिनेटमा FM-103.5 Mhrz र सामाजिक सञ्जाल X मा @airnewskurseong, YouTube मा @airkurseong साथै Facebook मा आकाशवाणी समाचार मार्फत् सुन्न सक्नु हुनेछ। यस कार्यक्रममा सहभागी विशेषज्ञहरु हुनुहुन्छ -श्री सुदर्शन प्रधान अनि श्री कपिल भट्टचार्यद्य प्रस्तोता हुनुहुन्छ - श्री अशोक चौरसिया।

**किराँती खम्बु**

किराँती खम्बु सांस्कृतिक संस्थान दार्जीलिङए अखिल किरात राई संघ सिक्किमको संयुक्त आयोजनामा साकेला उभौली २०२५ आहाले खेल मैदानमा सम्पन्न भयो। दुई दिवशीय उभौली उत्सवमा मुख्य अतिथि जिटिए चीफ अनित थापा उपस्थित थिए भने बिशिस्ट अतिथिको रुपमा सिक्किमका मन्त्री भोजराज राई, सिक्किमका बिधायक कला राई, मिरिक नगरपालिका अध्यक्ष एलबी राई, संस्थानका केन्द्रिय अध्यक्ष लगायत अन्य उपस्थित थिए। कार्यक्रमलाई सफल तुल्याउन दार्जीलिङ, बिजनबारी, खर्साङ्ग, कालेबुङ्ग, सिलगडी, सिक्किम, तराई क्षेत्रका किराँती समुदायको व्यापक उपस्थिति रहेको थियो। यस अवसरमा सांस्कृतिक झाकी सङ्गै सिलि नृत्य प्रस्तुत गरिएको थियो भने किराँती समुदायका शिर्ष पद तथा ओहोदामा सफलता हासिल गरेका ब्यक्तित्वहरुलाई मुख्य तथा बिशिस्ट अतिथिहरुको बाहुलीबाट सम्मानित गरियो। किरात खम्बु राई मुन्दुम साम्पुक सिटोङको आयोजनामा सिटोङमा पनि साकेला उभौली पर्व भव्यताको साथ पालन गरियो।

**अनित थापा - १२ जात गोष्ठी**

जिटिएका प्रमुख कार्यापाल अनित थापाले आज मिरिकमा आयोजन गरिएको साकेला उभौली २०२५ कार्यक्रममा पत्रकारहरुलाई सम्बोधन गर्दै जनजातिको मुद्दा बारे आफुले गर्ने काम गरिसकेको र तत्कालीन बिमल गुरुङको पालामा पनि यो माग बारे पहल भईसकेको र अब गर्ने काम केन्द्र सरकारको हो भनी बताउनु भएको छ। श्री थापाले भन्नू भयो भाजपाले १५ देखि २० बर्षसम्म गोर्खा जातिका छोडिएका जात गोष्ठीलाई जनजातिको दर्जा दिने बिषय लिएर समय बिताईसकेको र अब निर्णय दिने काम केन्द्र सरकारको रहेको बताउनु भएको छ।

*Byte*

यसरी नै सिक्किमका मन्त्री भोजराज राईले पनि गोर्खा जातिको छोडिएका १२ जात गोष्ठीलाई जनजातिको दर्जा दिन सिक्किम सरकारका मुख्यमन्त्री पिएस गोलेले ठोस पहल गरिरहेको र भारतबर्ष भरि छरिएर बसेका समग्र गोर्खा जातिले नै न्याय पाउन पर्छ भन्ने अडान सिक्किम सरकारको रहेको बताउनु भएको छ।

**रक्तदान शिविर**

दार्जीलिङ पुलिसको आयोजनामा आज टाउन अफिस कम्प्लेक्स, दार्जिलिङमा रक्तदान शिविर सम्पन्न गरियो। रक्तदान शिविरमा दार्जीलिङ्ग पुलिस अधिक्षक प्रविण प्रकाश लगायत पुलिस कर्मीहरु सहित अन्यले सक्रिय रूपमा भाग लिदै रक्तदान गरेका थिए। पुलिस अधिक्षक प्रविन प्रकासले बताए अनुसार वर्तमान गर्मीको मौसममा खुनको अभाव हुने गर्दछद्य त्यसैले रक्त संग्रह गर्न सहयोग गरेको हो।

**नेपाली साहित्य सम्मेल**

भारतको राजधानी दिल्ली देखि लिएर नेपालको राजधानी काठमाडौँ लगायत भारतीय नेपाली साहित्यकारहरूको जमघट दार्जीलिङको नेपाली साहित्य सम्मेलनको शतावार्षिकी समारोहमा देखियो। हिज देखि शुरू भएको यस दुई दिवसीय शत वार्षिकी समारोहको अन्तीम दिनमा दार्जीलिङका सांसद राजु बिष्ट विशिस्ट अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। सम्मेलनको शतावार्षिकी समारोमा विभिन्न रंगा रंग कार्यक्रम प्रस्तुति बीच नेपाली साहित्य माथी चर्चा परिचर्चा गरियो। नेपाली साहित्य र नेपाली साहित्य सम्मेलनलाई जगेरा गरेर राख्नु पर्ने समारोहमा उपस्थित सम्पुर्ण साहित्यकारहरू साथै जनसाधारणको एउटै सोच र वक्तव्य रहेको थियो।

**दवाई**

राज्यको उत्तर २४ परगना जिल्ला अनि कोलकातामा हालै ठुलो मात्रा मा नकली दवाइहरु जब्त गरिए पछि पश्चिम बंगाल स्वास्थ्य विभाग अंतर्गत औषधी नियंत्रण निदेशालयले थोक व्यापारीहरुका लागि दवाइहरुको किन-बेचको प्रमाणिकता बनाई राख्ने परामर्श जारी गरेको छ।

*********